मिति: २०८०/११/१६

विषयः प्रतिवेदन पेश गरेको।

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं।

## पृष्ठभुमी

नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रमा रहेका अपाङ्ग व्यक्तिहरूलाई दिइने सेवा सुविधा उपयुक्त नरहेको, केन्द्रमा आर्थिक पारदर्शिता नभएको, खानाको गुणस्तर न्यून भएको, अध्यक्षले आफूखुशी क्यान्टिन सञ्चालक उषा कार्कीलाई सल्लाहाकार राखेको, केन्द्रले गरेका कार्यक्रम विधान अनुरूप नभएको, कार्यालय व्यवस्थापन लथालिङ्ग रहेको, विगत १७ वर्षदेखि एउटै व्यक्तिलाई क्यान्टिन सञ्चालन गर्न स्वीकृत दिएको, केन्द्र भित्र रहेको अपाङ्ग पुनर्स्थापना गृहमा रहेका शारीरिक र मानसिक अपाङ्ग व्यक्तिहरूको पहिचान गरी छुट्टाछुट्टै स्थानमा राख्ने व्यवस्था हुनुपर्नेमा त्यसो नगरी सबैलाई मिसमास गरी राखेको, केन्द्रका संस्थापन पक्षले गरे, गराएका काम, कारवाही, क्रियाकलाप, कर्मचारी भर्ना, वर्खास्त, खर्च गर्ने प्रक्रिया लगायतका विषयमा असन्तुष्ट जनाउँदै साधारण सदस्यहरूले सुधारको माग राख्दै केन्द्रको अध्यक्ष लगायतका संस्थापन पक्षसँग भएको विवादका सम्बन्धमा पटक-पटक छलफल भएको तर सुधार हुन नसकेको साथै यस अगाडि भएका छानविन समितिले दिएको निर्देशन तथा सुझाव कार्यान्वयन हुन नसकी केन्द्रमा देखिएको विवाद यथावत रहेकोले मिति २०८० माघ १० गतेका दिन स.प्र.जि.अ. माधव प्रसाद ढुङ्गानाको संयोजकत्वमा गोकर्णेश्वर न.पा.का सम्बन्धित शाखा हेर्ने अधिकृत स्तरका एकजना प्रतिनिधि, जिल्ला प्रहरी परिसर अन्तर्गतका एकजना अधिकृत प्रतिनिधि, केन्द्रले तोकेको प्रतिनिधि यज्ञ प्रसाद उप्रेती, केन्द्रिय सदस्य, संघर्ष समितिका तर्फबाट विदुर कुमार थापा, अभियन्ताको तर्फबाट आदर्श क्षेत्री, केन्द्रको विद्यार्थीका तर्फबाट पुष्पराज भट्ट, जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रशासकीय अधिकृत राजन घिमिरे रहेको छानविन समिति गठन भएको। सो समितिले केन्द्रको स्थलगत रूपमा अनुगमन, निरीक्षण, अनुसन्धान र केन्द्रमा रहेका व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी समेत गर्दा निम्नानुसार पाईएको व्यहोरा अनुरोध छ।

छानबिन समितिः

१. स.प्र.जि.अ. माधब प्रसाद दुङ्गाना, जिल्ला प्रशासन कार्यालय, काठमाडौं -संयोजक
२. प्रहरी निरीक्षक, राजेश शाह तेली, प्रहरी वृत्त बौद्ध -सदस्य
३. अधिकृत आठौं, गोमा प्रसाईं, गोकर्णेश्वर न.पा. -सदस्य
४. केन्द्रीय सदस्य यज्ञ प्रसाद उप्रेती, खगेन्द्र नवजीवन केन्द्र -सदस्य
५. संघर्ष समितिका तर्फबाट विदुर कुमार थापा, का.म.न.पा. -सदस्य
६. अभियन्ताका तर्फबाट आदर्श क्षेत्री, का.म.न.पा. -सदस्य
७. केन्द्रका विद्यार्थीका तर्फबाट पुष्पराज भट्ट -सदस्य
८. प्र.अ. राजन घिमिरे, जिल्ला प्रशासन कार्यालय, काठमाडौं -सदस्य सचिव

# तपशिल

१. जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा द.नं. १०३ मिति २०२६/०१/०८ मा दर्ता भई मिति २०७९/१०/२६ मा आ.व. ०७९/८० सम्मको नविकरण भएको नेपाल अपाङ्ग संघ, खगेन्द्र नव जीवन केन्द्रको केन्द्रिय कार्यालय जोरपाटि, काठमाडौंमा रहि हाल यसका शाखा कार्यालयहरु झापा, धनुषा, काठमाडौं, दाङ्ग, बाँके र धनगढी गरी ६ जिल्लामा विस्तार भएको। यस केन्द्रको यस भन्दा अगाडिको साधारण सभा मिति २०८०/०८/२९ र ३० गते दाङ्गमा सम्पन्न भएको। संस्थामा नेपाल सरकार, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सिफारिसमा आवासिय पुनर्स्थापना सेवा प्राप्त अपाङ्गता भएका व्यक्तिहरु ५२ जना, आंशिक शुल्क (रु ६०००।- मासिक) तिरी वसेका अपाङ्गत भएका व्यक्तिहरु १५ जना, बेवारिसे (लामो समयदेखि) पुनस्थापना सेवा प्राप्त गरिरहेका अपाङ्गता भएका व्यक्तिहरु ६ जना, लामो समयदेखि आवासिय पुनर्थापना सेवा प्राप्त गरिरहेका अपाङ्गता भएका व्यक्तिहरु ८ जना, गोकर्णश्वर नगरपालिकावाट सिफारिस गरिएका अपाङ्गता भएका व्यक्तिहरु ४ जना र मानसिक अपाङ्गता भएका ९ जना रहेका। शारीरिक र मानसिक अपाङ्ग भएका व्यक्तिहरूको भान्सा र आवास एकै स्थानमा रहेको साथै एकै स्थानमा राखी सेवा प्रदान गर्दै आइरहेको।

२. केन्द्रीय प्रशासनिक भवन सँगै संस्थाको आफ्नै क्यान्टिन सञ्चालनमा रहेको साथै विद्यालय र हस्पिटलको समेत आ-आफ्नै क्यान्टिन सञ्चालनमा रहेको साथै अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना गृह भित्र मेश समेत सञ्चालनमा रहेको।

३. उषा कार्कीलाई क्यान्टिन सञ्चालन गर्न दिइएको समयावधि २०७६ असार मसान्तमा समाप्त हुनेमा केन्द्रीय कार्यसमितिको मिति २०७५/१०/१९ को निर्णयबाट ५ वर्षको लागि (२०८१ असार मसान्तसम्म) करार सम्झौता अवधि थप गर्ने निर्णय भएको।

४. केन्द्रका नाममा विभिन्न जग्गा, भवन र सटरहरू रहेको। सटरहरू भाडामा ~~दिने सम्बन्धमा~~ कभाडा मिति २०७८ साल पौष ६ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट केन्द्रका शुभश्री न्यौपानेको संयोजकत्वमा ३ सदस्यीय भाडा निर्धारण तथा कार्यान्वयन समिति गठन गरी निम्नानुसारका व्यक्तिहरूलाई केन्द्रको भवनमा रहेका सटरहरू भाडामा दिने सम्झौता गरेको देखिन्छ। सटर भाडामा दिंदा प्रचलित कानून बमोजिम सूचना प्रकाशित गरी, टेण्डर आह्वान गरी बढी भाडा कबोल गर्ने व्यक्ति वा फर्मलाई दिनुपर्नेमा सो नगरी सिधै सम्झौता गरी भाडामा दिएको पाईयो। साथै

भाडामा दिदां तोकिएको सुरु अंकको ५प्रतिशत विजुली पानी लगायतका सेवा शुल्क र हरेक वर्ष ५ प्रतिसतले भाड वृद्धि हुने गरी सम्वन्धित पक्षहरु विच ५ वर्षको लागी सम्झौता देखिन्छ।

| केन्द्रको भवनको सटर भाडामा लिनेको नाम विवरण | मासिक भाडा |
|---|---|
| १. शान्ती भट्टराई (लम्साल) | - रु. २२,५००/- |
| २. निरज गमाल | - रु. २४,५००/- |
| ३. सागरमणी अधिकारी | -रु. २४,५००/- |
| ४. मिठु ठाकुर | -रु. २४,५००/- |
| ५. तुल बहादुर श्रेष्ठ | -रु. २४,५००/- |
| ६. राजु नेपाली | -रु. २४,५००/- |
| ७. साधुराम श्रेष्ठ | -रु. २४,५००/- |
| ८. हर्कराज सुनार | -रु. २४,५००/- |
| ९. कुमारी डोल्मा लामा | -रु. २४,५००/- |
| १०. सरिता लामा | -रु. २२,५००/- |
| ११. रुद्र बहादुर वि.क. | -रु. २४,८०६/- |
| १२. अन्जु धिताल | -रु. २२,५००/- |
| १३. अंगद कुमार खनाल | -रु. २२,५००/- |
| १४. बैकुण्ठराम आचार्य | -रु. २२,५००/- |
| १५. नरेश कुमार पुडासैनी | -रु. २२,५००/- |
| १६. देव चन्द्र श्रेष्ठ | -रु. २२,५००/- |
| १७. असोक कुमार महतो | -रु. २२,५००/- |
| १८. लक्ष्मण पटेल | -रु. २२,५००/- |
| १९. तलक बहादुर राउत | -रु. २२,५००/- |
| २०. कृष्ण प्रसाद उपाध्याय | -रु. २२,५००/- |
| २१. प्रमिला संजेल | -रु. २२,५००/- |
| २२. असोक पौडेल | -रु. २२,५००/- |
| २३. देवकी चौलागाई | -रु. २२,५००/- |
| २४. दिपा जिम्बा | -रु. २२,५००/- |
| २५. सिता श्रेष्ठ | -रु. २२,५००/- |

२६. निलकण्ठ तिमिल्सिना -रु. २४,५००/-

२७. साजिम उदिम मिया (रु.७००० का दरले वेसमेन्ट नं.१-६सम्म) -रु. ४२,०००/-

२८. सुरेश कुँवर थारु (रु. ८,०००/- का दरले वेसमेन्ट ८,९,१०सम्म) -रु. २४,०००/-

२९. हर्क राज सुनुवार (वेसमेन्ट ११, १२) -रु. ८,०००/-

३०. सतेन्द्र मणी उपाध्याय (वेसमेन्ट १३) -रु. ८,०००/-

३१. सरिता लामा (वेसमेन्ट १४ र १५) -रु. ८,०००/-

३२. प्रकाश कार्की (वेसमेन्ट १६) -रु. ८,०००/-

३३. दण्ड प्रसाद हुमागाई (वेसमेन्ट) -रु. ८,०००/-

३४. गोकुल प्रसाद ढकाल (वेसमेन्ट १८ र १९) -रु. ८,०००/-

३५. राजु प्रजापती (वेसमेन्टं २२) -रु. ८,०००/-

३६. समिर के.सी. (वेसमेन्ट २३) -रु. ८,०००/-

३७. दलराज आचार्य (वेसमेन्ट २६) -रु. १४,०००/-

३८. बहुउद्देशिय भवन छत भाडाबाट वार्षिक (संरचना अर्को बनाउने) -रु. ६,००,०००/-

५.नेपाल अपाङ्ग संघ, खगेन्द्र नव जीवन केन्द्रको नाममा रहेको भवनमा निम्नानुसारका कोठाहरू रहेको पाईयो:-

१. कार्यालय प्रयोजनका लागि प्रयोग भएको -६ कोठा ।

२. नेपाल अपाङ्ग संघ, अर्थोपेडिक् अस्पताल १०० बेडको।

३. आवाशीय भवन (गृह सञ्चालन) -३३ कोठा र ३ वटा टहरा।

४. एस.ओ.एस बालग्राम सञ्चालन भवन -३१ कोठा।

५. सामुदायीक प्रयोजनको भवन -ठूलो हल-१, कोठा -५।

६. व्यापारिक प्रयोजन भवन -सटर सङ्ख्या -२७।

७. वि.आई.ई.ऐ. फाउण्डेशनको भवन -२५ कोठा।

८. पुरानो भवन -२८ (८ वटा प्रयोग भएको, अन्य जिर्ण अवस्थामा रहेको)

९. क्यान्टिन/चमेना गृह -कोठा।

१०. विद्यालय सञ्चालन भएको -२२ कोठा (१ देखी १२) कक्षा सञ्चालन भइरहेको, ३०० जना विद्यार्थी (कलेज समेच संचालन हुँदै आएको)।

११. राती हेरचाह गर्ने/केयर टेकर बस्ने प्रयोजनको भवन -५ कोठा।

१२. पार्किङ्ग खाली जग्गा समेत रहेको।

६. अपाङ्गगता भएका व्यक्तिहरूको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा २९ बमोजिम अपाङ्गता पुनर्स्थापना केन्द्र समेत सञ्चालन भईरहेको। सोही ऐनको दफा २९ (४) बमोजिम राज्यबाट केन्द्र सन्चालनको लागी अनुदान प्राप्त भएको। केन्द्रमा रहेका व्यक्तिहरुसँग पैसा लिन पाउने/नपाउने सम्वन्धमा स्पष्ट व्यवस्था नरहेकोमा केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूबाट केन्द्रले रकम लिने गरेको पाईएको। विधानमा समेत अपाङ्गता भएका व्यक्तिबाट शुल्क लिने प्रावधान सम्वन्धमा द्विविधा रहेको। केन्द्रमा वस्ने अपाङ्गता भएका व्यक्तिहरुमध्ये १५ जनावाट प्रतिव्यक्ति मासिक रु. ६,०००/- शुल्क लिने गरेको।

७. केन्द्रको कार्यसमितिको निर्णयबाट कर्मचारी भर्ना गर्ने र कुनै निर्णय बेगर नै कर्मचारीहरूलाई बर्खास्त गर्ने कार्यहरू हुने गरेको। छानविन समिति गठन भए पश्चात पनि कार्यरत कर्मचारीहरु लाई वर्खास्त गर्ने र नयाँ नियुक्ति गरेको पाईयो।

८. आ.व. ०७९/८० को लेखापरिक्षण प्रतिवेदन अनुसार विभिन्न शिर्षकमा जम्मा रु २७,३९,६४,१३५।८४ आम्दानी प्राप्त भएकोमा रु २७,२३,१०,४६८।०३ खर्च भएको र रु १६,५३,६६७।८१ वाँकी रहेको देखिन्छ।

९. आ.व. २०७९/८० मा प्राप्त अनुदान रकमरहरू:

| | |
|---|---|
| १. महिला तथा बालबालिका मन्त्रालयबाट प्राप्त अनुदान | -रु. ९६,२६,११७/- |
| २. नेपाल अर्थोपेडिक अस्पतालबाट प्राप्त अनुदान | -रु. १७,५०,०००/- |
| ३. राजु भण्डारी+अन्जु भण्डारी | -रु. ३०,००,०००/- |
| ४. साल्ड ट्रेडिङ्ग, एस.ओ.एस. सेक्युरिटी बचतबाट आंम्दानी भएको | -रु.२७,५६,९९०/- |
| ५. संस्थामा शुल्क तिरेर बसेकाबाट आम्दानी | -रु ५,०४,०००/- |
| ६. भाडा तथा सेवा शुल्क | -रु. ३३,३७,५४६/- |

केन्द्रको आवासीय सुविधामा रहेका राजु भण्डारी र अन्जु भण्डारीलाई केन्द्रको आजिवन सुविधा प्राप्त गर्न प्रतिव्यक्ति रु १५,००,०००/- (पन्ध्र लाख) को दरले जम्मा रु ३०,००,०००/- (तिस लाख) केन्द्रको अक्षयकोषमा राख्ने गरी वुझाएकोमा सो रकम अक्षयकोषमा नराखी संस्थको खातामा जम्मा गरेको ।निजहरुवाट छुट्टै रु १०,००,०००/- (दस लाख) समेत लिएको भन्ने गुनासो र विरोध आएपछि क्यान्टिन संचालक तथा तत्कालिन प्रमुख सल्लाहकार उषा कार्कीको नविल वैकमा रहेको खाताको

चेकवाट मिति २०८०/०७/२२ मा रु ५,००,०००/- (पाच लाख) र मिति २०८०/०७/३० मा रु ४,५०,०००/- राजु भण्डारी र अन्जु भण्डारीको आमा तिलका भण्डारीलाई फिर्ता गरेको देखिएको। यसरी विना प्रयोजन अध्यक्ष साम्देन लामाले राजु भण्डारी र अन्जु भण्डारीबाट रकम लिएको र सर्वसाधारणलाई जानकारी र गुनासोपछी सो रकम फिर्ता गर्ने कार्य गरेको पाइएको।

आ.व. २०८०/०८१ मा प्राप्त अनुदान रकमहरू (श्रावण देखी माघ सम्म)

यस समयावधिमा देहायनुसारको आम्दानी र खर्च भएको देखिन्छ:-

जम्मा आम्दानी :- रु. १९६७७७१।-

जम्मा खर्च :- रु. १५३३८९११।—

आम्दानी शिर्षकहरु:

| | |
|---|---|
| महिला तथा वालवालिका मन्त्रालयबाट प्राप्त | -रु. २५,००,०००/- |
| नेपाल अर्थोपेडिक अस्पतालबाट प्राप्त | -रु. २३,६०,०००/- |
| वि.आई.ए. बाट प्राप्त | -रु. १२,३०,०००/- |
| सटर भाडाबाट प्राप्त | -रु २८,८५,१६८/- |
| संस्थाको गृहमा शुल्क तिरेर बसेकाबाट | -रु १,३०,९७०/- |

१०. अध्यक्ष साम्देन लामाको सदस्यताको सम्बन्धमा नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, केन्द्रीय पदाधिकारी सदस्यहरू, जिल्ला शाखाका सभापतिहरू, सदस्यहरू र मनोनित पदाधिकारीहरूको नामावलीको सि.नं. १७ मा सदस्य भनी उल्लेख भएको तथा जिल्ला शाखा काठमाडौंको मतदाता नामावलीको सि.नं. २४० मा समेत नाम उल्लेख भएको। केन्द्रको मिति २०७९/०८/१९ गते जनकपुरमा सम्पन्न निर्वाचनमा अध्यक्षको सदस्यता सम्बन्धमा कुनै विवाद नभएको, केन्द्रिय कार्यसमितिको मिति २०७७/०४/१४ गतेको निर्णयबाट निजलाई आजीवन सदस्यता प्रदान गरिएको देखिएको भनी जानकारी गराएको तर वैधानिक रुपमा केन्द्रले वि.सं. २०७५ सालदेखि कुनै पनि व्यक्तिलाई आजिवन सदस्यता प्रदान गरेको नपाईएको। निजलाई अपाङ्ग संघ, काठमाडौं जिल्ला शाखाको पत्रमार्फत सदस्यता प्रदान गरेकोमा सो पत्रवाट मात्र अरु सदस्यहरुले प्राप्त गरे सरह सदस्यताको लागी प्रयाप्त प्रमाण पुगेको नपाईएको। नेपाल अपांग संघ खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा काठमाडौंको वि.सं. २०७९ को मतदाता नामावलीमा सि.नं. १ देखी ४६० सम्म मतदाताको नाम नामेसी रहेको। सो नामावलीको सि.नं. २४० मा हालका अध्यक्ष साम्देन लामाको रहेको पाईएको साथै सि.नं. ३५८ अन्जान लामिछानेको नाम रहेको। तर वि.सं. २०७० को मतदाता नामावलीमा सि.नं. २४० मा अन्जान लामिछानेको नाम

उल्लेख रहेको पाईएको। अन्जान लामिछानेको नाम उल्लेख भएको सि.नं. २४० मा अध्यक्ष साम्देन लामाको नाम राखि निज अन्जान लामिछानेको नाम सि.नं ३५८ मा रखिएको। सो सि.नं. मा साम्देन लामाको नाम थपिएकोले आवश्यक कारवाही गरीपाँउ भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन समेत परेको देखिन्छ। साथै केन्द्रको मिति २०७०/०३/२८ सम्म ३४२ जना सदस्य रहेको तत्पश्चात ११८ जना सदस्य थप गरी जम्मा ४६० जना सदस्य रहेको देखिन्छ

११. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट केन्द्रलाई दिएको अनुदान रकमको लेखापरीक्षण हुँदा सम्झौता अनुसार प्राप्त रकम रु. ३०,००,०००/- सम्बन्धमा खर्चका बिल, भर्पाईहरू पेश गराई सम्झौता अनुसार खर्च गरे/नगरेको एकिन गरी, नगरेको पाइएमा सम्झौता अनुसार कारवाही गर्न र अनुदान रकम रु. ५९,१३,०००/- का सम्बन्धमा केन्द्रले पेश गरेको खर्च सम्बन्धि कागजात प्रमाणित र सहीछाप समेत नगरेको र पेश भए अनुसारको शीर्षकमा सम्झौताले तोके अनुसारको विधि भित्र रही खर्च भएको छ भनी आश्वस्त हुने आधार देखिएन भनी २०७७/०६/०९ मा पेश गरेको छानविन समितिले प्रतिवेदनको वुदाँ नं. ३ मा उल्लेख गरेको र उक्त प्रतिवेदनको प्रमाण कागजातको रुपमा पेश भएको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनको वुदा नं. १७.२ मा समेत उल्लेख भएको पाइयो।

१२. केन्द्रको मिति २०७९/०८/१९ गते सम्पन्न निर्वाचनबाट निर्वाचित केन्द्रीय कार्य समितिको मिति २०७९/०८/१९, २०७९/११/१७, २०८०/०१/३०, २०८०/०४/२७, २०८०/०८/१०, २०८०/०८/३० मा बैठक बसेको देखिन्छ। उल्लेखित बैठकहरूमा भए गरेका निर्णयहरू अध्ययन गर्दा संस्थामा आवद्ध अपाङ्गहरूको हक, हित, सुविधा साथै संस्थामा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्ने, संस्थामा कार्यरत कर्मचारीहरूको सेवा सुविधाका विषयहरूमा समेत निर्णय भई कार्यान्वयन भएको अवस्था देखिएन।

१३. मानसिक रोगी भएका व्यक्तिहरु मध्ये एक जनालाई कपडाको डोरीले वाधेर राखेको पाईएको।

१४. आवसीय कोठाभित्र साँघुरो भिडभाड हुने गरी एउटै कोठामा धेरै व्यक्तिहरु राखे गरेको पाईएको।

## केन्द्रमा गर्नूपर्ने सुधार र सुझाव

- केन्द्रमा भएका आर्थिक कारोवार विभिन्न शिर्षकहरु वाट प्राप्त रकम, विभिन्न निकायवाट प्राप्त अनुदान तथा खर्च पारदर्शी गर्ने र भए गरेका कार्यहरुको सार्वजनिकिकरण गर्ने।
- केन्द्रभित्र रहेका अपाङ्ग पुनर्स्थापना गृहमा रहेका शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गर्ने र उनीहरूलाई छुट्टाछुट्टै ठाउँमा राख्ने व्यवस्था मिलाउने।
- पुनर्स्थापना गृहको सरसफाईमा विशेष ध्यान पुऱ्याउने र चौविसै घण्टा स्वास्थ्य तथा नर्सिङ्ग सेवा उपलब्ध गराउने।
- कार्य समितिले निर्णय गरेर केन्द्रको सल्लाहकार मनोनयन गर्ने। यसरी मनोनयन गर्दा समाजसेवी तथा अपाङ्गता भएका विशिष्ठ व्यक्ति र महिला समेतलाई सहभागिता गराउने।
- केन्द्रलाई प्राप्त हुने पूँजिगत आम्दानीहरु (भवन तथा सटर भाडाको रकम) पारदर्शी रुपमा केन्द्रको वैंकमा खातामा जम्मा गर्ने र संस्थाको निर्णयवाट मात्र रकम खर्च गर्ने।
- केन्द्रमा अध्यक्षको नेतृत्वमा केन्द्रभित्र रहेका इकाईहरू विद्यालय, अस्पताल, एस. ओ. एस., र अपाङ्ग पुनर्स्थापना गृहका प्रमुखहरू रहेको एक समिति गठन गर्ने र सो समितिले नियमित वैठक वसी केन्द्र सुधारका कार्यहरु गर्ने।
- केन्द्रको संरक्षणमा वसोवास गर्ने अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई खाना, लत्ताकपडा तथा समयमै उपचारको आवश्यक प्रवन्ध मिलाउने।
- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रको आवासीय सुविधमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमुलक तालिमहरू निःशुल्क रूपमा सञ्चालन गर्ने।
- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र अन्तर्गत नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन गृहमा आवासीय पुनर्स्थापना सेवा प्राप्त गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने ह्वीलचियर, वैशाखी, वाकर, लठ्ठी लगायतका सहायक सामाग्रीहरू केन्द्रले उपलब्ध गराउने र मर्मत सम्भार गर्ने र इलेक्ट्रिक ह्वीलचियरको सम्बन्धमा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्थानीय निकायहरूसँग समन्वय गरी उपलब्ध गराउन केन्द्रले आवश्यक पहल र समन्वय गर्ने।
- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र र यस अन्तर्गत सञ्चालित पुनर्स्थापना गृहमा अवासीय रूपमा सेवा प्राप्त गरिरहेका विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार अपाङ्गताको प्रकृति हेरी छुट्टा छुट्टै ठाउँमा राखी सेवा प्रदान गर्ने।
- नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा जारी गरिएको अपाङ्गता भएका व्यक्तिहरूको आवसीय पुनर्स्थापना सेवा कार्यविधि, २०७९ बमोजिम नर्सिङ, फिजियो थेरापी जस्ता सेवाहरू आवश्यकता अनुरुप तत्काल कार्यान्वयनमा ल्याउने।

- क्यान्टिन संचालक उषा कार्की केन्द्रमा लामो समय कारोवारीको रुपमा रही केन्द्रको निर्णयको साथै अन्य प्रशासनिक र आन्तरीक निर्णयमा समेत कुनै न कुनै रुपमा प्रभाव राखी निर्णय निर्माणमा संलग्न र अहम भुमिका रहेको पाईएकोले निजलाई वैधानिक निर्णय गरी तत्काल हटाउने।
- मनोमानी नियुक्ती र वर्खास्ती गर्ने काममा स्वयं केन्द्रका अध्यक्ष सक्रियरुपमा संलग्न रहेको देखिएकोले निजलाई सचेत गराउदै मनोमानी गरिएको वर्खास्त सम्वन्धि कार्यहरु वदर गर्ने र नियूक्ति समेत खारेज गर्नुपर्ने।
- केन्द्रको साविकको ६८ रोपनी जग्गा हाल वाटोलाई दिने/मिच्ने गरी धेरै नै घटेको पाईएकोले यसरी जग्गा हिनामिना हुने गरी वाटो प्रदान गर्ने तत्कालीन कार्य समितिका पदाधिकारी र यस्तो निर्माणमा संलग्न व्याक्तिहरुलाई कारवाहीको दायरामा ल्याई केन्द्रको जग्गा संस्थामा नै फर्काउने काम कारवाही गर्ने।
- केन्द्रको प्रकृति र सोंच वमोजिम केन्द्रलाई संचालन गर्न "जसको सवाल उसको नेतृत्व"लाई परिपालना गर्न कार्यसमितिमा कम्तिमा मुख्य पदाधिकारी लगायत ६६% सदस्य अनिवार्य रुपमा अपाङ्गता भएका व्यक्ति हुने गरी विधानमा संसोधन गरी कार्यान्वयनमा ल्याउनु पर्ने। सापाङ्ग भएका व्यक्तिले अपाङ्गता भएकाको हक हितमा सोचेको पाईएन वरु संस्थालाई दोहन गर्ने र मोलाहिजाको माध्यममात्र वनाउने गरेको पाईयो।
- छानविन समिति गठन भई काम गरिरहेको अवस्थामा समेत केन्द्रमा कार्यरत कर्मचारीलाई विधि प्रकृया समेत पुरा नगरी नियुक्ति एवं वर्खास्त गरेको पाईएकोले निजहरुको नियुक्ति र वर्खास्ती गैरकानुनी तवरवाट गर्ने प्रयोजनका लागी विज्ञापन, अन्तर्वार्ता लगायतका कार्यहरु गरे गराएको भए वदर गर्ने।
- केन्द्रका हालका अध्यक्षले केन्द्रको उद्देश्य र लक्ष्य अनुरुप काम गरी केन्द्रको सर्वतोमुखी विकास र प्रगती गर्ने गराउने काममा सकारात्मक भुमिका र सक्रियता देखाउन सकेको नदेखिएको भनी प्रश्न उठाईएकोले निजले केन्द्रका सदस्यहरुको सहमति र विश्वांसमा काम कारवाही गर्नु पर्ने।
- मिति २०७७/०६/०९ र मिति २०८०/०८/०५ मा यस कार्यालयवाट गठित छानविन समितिले पेश गरेको प्रतिवेदन र राष्ट्रिय महिला महिला आयोगवाट मिति २०८०/०८/०७ मा स्थलगत अनुगमन गरी संस्थामा दिनहुँ हुने ~~श्रेष्ठी, हिंसा,~~ कुरितीलाई सम्बन्धीत निकायले नियमन गर्नुपर्ने नियम बिपरित पदपुर्ती हुँदै आएको पदहरुमा Competition को आधारमा Vacancy खुलाएर पदपुर्ती गर्ने व्यवस्था हुनुपर्ने, अपाङ्गताले पाउनुपर्ने सबै सेवा सुविधाहरु उचित रुपमा पाउनु पर्ने, उनीहरुको मनोबल दह्रो बनाउनको निम्ति सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुपर्ने, मन्त्रालयबाट आएको बजेटमा अनियमितता हटाई प्रभावकारी ढंगले खर्च गर्नु पर्ने भनी पेश गरेको प्रतिवेदन पूर्ण रुपमा कार्यान्वयन गर्ने।

- केन्द्रको आवासीय सुविधामा रहेका राजु भण्डारी र अन्जु भण्डारीलाई केन्द्रको आजिवन सुविधा प्राप्त गर्न प्रतिव्यक्ति रु १५,००,०००/-( पन्ध्र लाख) को दरले जम्मा रु ३०,००,०००/- (तिस लाख) केन्द्रको अक्षयकोषमा राख्ने गरी छुट्टाईएकोमा सो रकम अक्षयकोषमा नराखी संस्थको खातामा जम्मा गरेको विषय र निजहरुवाट छुट्टै रु १०,००,०००/- (दस लाख) लिएको भन्ने गुनासोको सम्वन्धमा यथार्थ छानविन गरी अध्यक्ष साम्देन लामालाई आगामी साधारण सभावाट आवश्यक कारवाहि गर्ने।
- मानसिक रोगी भएका व्यक्तिहरु लाई कपडाको डोरीले वाधेर राखेको पाईएकोमा मानवोचित ढंगवाट व्यवस्थापन गरी राख्नु पर्ने र नियमित उपचार गर्नु पर्ने।
- आवसीय कोठाभित्र साँघुरो भिडभाड हुने गरी एउटै कोठामा धेरै व्यक्तिहरु राख्ने गरेको पाईएकोले मानवोचित व्यवस्थापन हुनु पर्ने।
- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रको परिसर भित्र रहेको खगेन्द्र विशेष शिक्षा मा.वि.को वाल विधि प्रकृया र कानुनी मापदण्ड नपुर्याई भत्काउने पदाधिकारीलाई कानुनी दायरामा ल्याई यसवाट विद्यालयलाई पर्न गएको आर्थिक भारमा जिम्मेवार वनाई कारवाही गर्नु पर्ने।

# निष्कर्ष

नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रमा संस्थापन पक्षले गरे गराईएका काम कारवाही, कृयाकलाप, अपाङ्गलाई प्रदान गरिने सेवा सुविधा, संस्था संचालन प्रकृया लगायतका विषयमा लामो समय अगाडि देखि विवाद देखिएको र संस्थापन पक्ष र संघर्ष समितिको विचमा पटक पटक छलफल गर्दा समेत कुनै समन्वयय हुन नसकेको हुँदा मिति २०८०/१०/१० मा गठन भएको छानविन समितिले स्थलगत अनुगमन तथा निरिक्षण गरी दिएको सुझाव र सुधारका कार्यहरु पुर्ण रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था सहित देहायको थप कार्यहरु गर्नु गराउनु उपयुक्त हुने देखिन्छ।

१. केन्द्रको संरक्षणमा रहेका अपाङ्ग व्यक्तिहरुलाई हेरचाह, सरसफाई सुविधा र उपचारको राम्रो प्रवन्ध मिलाउनु पर्ने।

२. अपाङ्गता भएका व्यक्तिहरुको लागी मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गर्नु पर्ने।

३. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता मुल्याङ्कन गरी सिपमुलक तालिमको प्रवन्ध केन्द्रले गर्नु पर्ने।

४. केन्द्रको हाताभित्र रहेका अस्पताल र विद्यालयको आ-आफ्नो क्यान्टिन रहेको र केन्द्रमा अपाङ्गता भएका व्यक्तिहरुको लागी समेत छुट्टै मेसको व्यवस्था रहेको हँदा केन्द्रले छुट्टै क्यान्टिन संचालन गर्न आवश्यक नदेखिएकोले सो क्यान्टिन हटाउनु पर्ने।

५. केन्द्रको आवासीय भवनमा रहेका सटरहरु भाडामा दिंदा टेन्डर आव्हान गरि कानुनी रित पुर्याई सवैभन्दा वढि कवोल गर्नेलाई भाडामा दिनुपर्नेमा प्रकृया पुरा नगरी कार्यसमितिको निर्णयवाट सिधै सम्झौता गरेर भडामा दिएको देखिएकोले नयाँ टेन्डर आव्हान गरी कानुनी रित पुर्याई कार्य समितिको समेत निर्णय गराई सटर भाडामा दिने व्यवस्था गर्ने।

६. केन्द्रवाट हुने गरेका सम्पुर्ण क्रियाकलाप, कार्यक्रम, केन्द्र संचालन प्रकृया, अपाङ्गता भएका व्याक्तिहरुलाई प्रदान गरिने सेवा सुविधा लगायतका कार्य गर्दा कार्यसमितिवाट निर्णय गरेरमात्र गर्ने।

७. केन्द्रमा अपाङ्गता वर्गिकरण वमोजिम पहिचान गरि पूर्ण अपाङ्ग, आंशिक अपाङ्ग, मानसिक अपाङ्गता छुट्याई वेग्लै स्थानमा राखी सेवा दिने व्यवस्था मिलाउने, सो कार्य गर्नको लागी विधानमा नमिलेका विषयहरु संसोधन गरी कार्यान्वयनमा ल्याउने।

८. केन्द्रले गर्ने कार्यहरु कार्य समितिले निर्णय गरेर मात्र गर्ने। अध्यक्षले आफुखुसी कुनै निर्णय र कार्य नगर्ने। विधान अनुरूप वनेको कर्मचारी सेवा नियमावली समेतको आधारमा कानुनी रित पुर्याएर मात्र कर्मचारी नियुक्ति र अवकास सम्वन्धि कार्य गर्ने।

९. छानविन समिती गठन भए पश्चात अनुगमनकै समयमा अध्यक्षले कर्मचारी वर्खास्त, नियुक्ती तथा नियुक्तिको लागी गरेका विज्ञापन/अन्तर्वाता लगायत सवै स्थगन गर्ने गराउने।

१०. वेग्लै स्थानमा राखी सेवा दिने व्यवस्था मिलाउने।

११. नगरपालीको अनुदान र सहयोगमा संचालित केन्द्रले गरेको कार्यक्रम र कृयाकलाप गोकर्णेश्वर नगर पालिकासंग समन्वय गरेर गर्ने साथै भए गरेका कामहरुको सार्वजनिक सुनुवाई गर्ने।

१२. आर्थिक गतिविधि, आम्दानी र खर्च, विभिन्न निकायहरुवाट प्राप्त नगद तथा जिन्सी सहयोग पारदर्शी गर्ने।

१३. अपाङ्ग व्यक्तिहरुको लागी आवश्यक पर्ने सामाग्री तथा साधन सहज रुपमा संस्थालेनै उपालव्ध गराउने।

१४. महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रलय र जिल्ला प्रशासन कार्यालय, काठमाडौं जस्ता सरकारी निकायवाट प्राप्त भएका सुझाव र निर्देशन पूर्ण रुपमा पालना तथा कार्यान्वयन गर्ने, गराउने।

१५. केन्द्रको स्वामित्वमा रहेको सम्पतीको अधिकतम प्रयोग र उपयोग गर्ने।

१६. अपाङ्गता भएका व्यक्तिहरुको हक हितको विषयहरुलाई प्राथमिकतामा राखी कार्य गर्ने।

१७. केन्द्र भित्र देखिएका विवादहरुका विषयमा असन्तुष्ट पक्षहरु समेतलाई कार्य समितिको वैठकमा आमन्त्रण गरि विवादका विषयहरुमा छलफल गरी विवाद समाधान गर्ने, गराउने।

१८. मिति २०८०/०९/२६ गते केन्द्रका अध्यक्षले केन्द्रको गृहमा आवासीय रुपमा रहेका सेवाग्राहिको तर्फवाट उपस्थित व्यक्तिहरु वीच भएको सहमती (११ वुँदे) पुर्ण रुपमा कार्यान्वयन गर्ने गराउने।

१९. यस भन्दा अगाडीका छानविन समितिले दिएका राय सुझाव तथा निष्कर्षमा उल्लेखित विषयहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्ने गराउने।

२०. यस प्रतिवेदनमा उल्लेखित राय सुझाव तथा निश्कर्षमा उल्लेखित विषयहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्ने गराउने।


नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रको छानविन क्रममा समितिवाट माग भएका आवश्यक कागजात तथा विवरणहरु उपलव्ध गराई छानविन तथा प्रतिवेदन कार्यमा आवश्यक सहयोग पुर्याउनु हुने केन्द्रका अध्यक्ष साम्देन लगायत केन्द्रका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछौं।

**प्रतिवेदक**

माधब प्रसाद ढुङ्गाना, स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, काठमाडौं
राजेश शाह तेली, प्रहरी निरीक्षक, प्रहरी वृत्त बौद्ध
गोमा प्रसाईं, अधिकृत आठौं, गोकर्णेश्वर न.पा.
यज्ञ प्रसाद उप्रेती, केन्द्रीय सदस्य, खगेन्द्र नवजीवन केन्द्र
विदुर कुमार थापा, संघर्ष समिति प्रतिनिधि, खगेन्द्र नवजीवन केन्द्र
आदर्श क्षेत्री, अभियन्ता प्रतिनिधि, खगेन्द्र नवजीवन केन्द्र
पुष्पराज भट्ट, विद्यार्थी प्रतिनिधि, खगेन्द्र नवजीवन केन्द्र
राजन घिमिरे, प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय, काठमाडौं

## स्थलगत अध्ययन चित्र अनुसुचि:-




realme Shot on realme 7
2024.02.03 12:54

आज मिति २०८०/११/१६ गतेका दिन समितिका संयोजक श्री माधव प्रसाद ढुङ्गानाको संयोजकत्वमा नेपाल अपाङ्ग संघ, खगेन्द्र नव जीवन केन्द्रको सम्वन्धमा छानविन गरी तयार गरिएको प्रतिवेदनका सम्वन्धमा छानविन समितिका सदस्यहरुको निम्नानुसारको उपस्थितिमा वैठक वसि निम्न निर्णय गरियो।

## उपस्थिति

| | |
|---|---|
| स.प्र.जि.अ. माधब प्रसाद ढुङ्गाना, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | -संयोजक |
| प्रहरी निरीक्षक, राजेश शाह तेली, प्रहरी वृत्त बौद्ध | -सदस्य |
| अधिकृत आठौं, गोमा प्रसाईं, गोकर्णेश्वर न.पा. | -सदस्य |
| केन्द्रीय सदस्य यज्ञ प्रसाद उप्रेती, खगेन्द्र नवजीवन केन्द्र | -सदस्य |
| संघर्ष समितिका तर्फबाट विदुर कुमार थापा, का.म.न.पा. | -सदस्य |
| अभियन्ताका तर्फबाट आदर्श क्षेत्री, का.म.न.पा. | -सदस्य |
| केन्द्रका विद्यार्थीका तर्फबाट पुष्पराज भट्ट | -सदस्य |
| प्र.अ. राजन घिमिरे, जिल्ला प्रशासन कार्यालय, काठमाडौं | -सदस्य सचिव |

## निर्णय

निर्णय (१): जिल्ला प्रशासन कार्यालयको मिति २०८०/१०/१० गतेका दिन स.प्र.जि.अ. श्री माधव प्रसाद ढुङ्गानाको संयोजकत्वमा गठित छानविन समितिले नेपाल अपाङ्ग संघ, खगेन्द्र नव जीवन केन्द्रको स्थलगत अनुगमन तथा निरिक्षण गरी तयार गरिएको प्रतिवेदन आज मिति २०८०/११/१६ गतेका दिन प्रमुख जिल्ला अधिकारी समक्ष वुझाउने निर्णय गरियो।